# रसुवा बाढीको क्षतिको द्रुत मुल्याङ्कन (Rapid Assessment) - स्थलगत अवलोकनको प्रतिवेदन




पेश भएको मितिः २०८३।०५।२४

**फिल्ड प्रतिवेदनकर्ताः**

१. डा. श्याम प्रसाद आचार्य, संयोजक (निर्देशक, शिक्षा विभाग)

२. ई. डोर बहादुर योगी, सदस्य युनिसेफ

३. ई. विष्णु प्रसाद पौडेल (शिक्षा विभाग)

४. ई. सुरज पराजुली (शिक्षा विभाग)

५. ई. यशव खड्का (शिक्षा विकास निर्देशनालय, वागमती प्रदेश)

६. ई. नविन चौधरी (सेभ द चिल्ड्रेन)

# विषय सूची

रसुवा बाढीः द्रुत मूल्याङ्कन प्रतिवेदन (सारांश र सिफारिसहरू) Executive Summary ....................... ५

रसुवा जिल्लामा विद्यालयहरूमा गरिएको स्थलगत अध्ययनको नतिजा............................................ ९

परिचय ................................................................................................................................ ९

लेखाजोखाको उद्देश्य ...........................................................................................................१०

प्रतिवेदनको परिसिमा ...........................................................................................................१०

रसुवा जिल्लामा प्रभावितहरूको विवरण.....................................................................................११

क्षति र अवस्था विवरण..........................................................................................................१५

(क) श्री नेपाल राष्ट्रिय आधारभूत विद्यालय, टिमुरे, गोसाईंकुण्ड गाउँपालिका वडा न २ ................१५

(ख) श्री कोमिन स्यामे वाङफेल माध्यमिक विद्यालय, स्याफ्रुवेसी, गोसाईंकुण्ड गाउँपालिका ।................१७

(ग) श्री गोसाइकुण्ड ईङ्लिस विद्यालय, स्याफ्रुवेसी, गोसाईंकुण्ड गाउँपालिका वडा न ५ ................१९

(घ) Shree Highland English School, धुन्चे, गोसाईंकुण्ड गाउँपालिका वडा न ६ ..................२०

(ङ) श्री मालिका देवी आधारभुत विद्यालय उत्तरगया वडा न ४ पहिरेवेशी ..................................२१

(च) श्री चिप्लेटी आधारभूत विद्यालय सल्लेटार। ....................................................................२३

(छ) श्री नव विजयी महेन्द्र मा वि उत्तरगया ४ ........................................................................२४

(ज) Shree Modern Trinity English School, उत्तरगया गाउँपालिका वडा नं ५ बेत्रावती ।......२५

(झ) श्री भिमसेन आधारभूत विद्यालय गोसाइकुन्ड गाउँपालिका ..................................................२६

(ञ) निलकण्ठ मा वि बोगटीटार । उत्तरगया गाउँपालिका वडा नं ५..........................................२७

(ट) श्री शिवालय आधारभूत विद्यालय उत्तरगया ५ होल्डिङ सेन्टर ...........................................३०

(ठ) श्री कालिका हिमालय मा वि कालिकास्थान । कालिकास्थान गाउँ पालिका.........................३१

(ड) श्री रसुवा मा.वि. धुन्चे ...................................................................................................३१

(ढ) श्री भिमसेन आधारभूत विद्यालय होल्डिङ सेन्टर, माझगाउँ.................................................३१

बालबालिका रहेका स्थानहरुको पहिचान.....................................................................................३३

एल्लो गुम्बा स्वयम्भु सानो भर्याङ...............................................................................................३५

सामुदायिक सिकाइ केन्द्रको अवस्था ........................................................................ ४१

उच्च शिक्षा सम्बन्धि कलेजको अवस्था ........................................................................ ४१

कक्षा पुनः सञ्चालन हुने सम्बन्धि विवरण ........................................................................ ४१

अनुसूची १ २०८३ साल भाद्र महिनाको १० गते आएको विनाशकारी बाढीका कारण रसुवा जिल्लाका सम्पर्क विहिन शिक्षक कर्मचारी विवरण ........................................................................ ४२

अनुसूची २. २०८३ साल भाद्र महिनाको १० गते आएको विनाशकारी बाढीका कारण रसुवा जिल्लाका सम्पर्क विहिन बिद्यार्थी विवरण ........................................................................ ४२

अनुसूची ३. २०८३ साल भाद्र महिनाको १० गते आएको विनाशकारी बाढीका कारण रसुवा जिल्लाका बाबु आमा सम्पर्कमा नभएका (गुमाएका) बिद्यार्थी विवरण ........................................................................ ४३

अनुसूची ४. फिल्ड भिजिटका तस्विरहरू ........................................................................ ४५

अनुसूची ६. जानकारीमुलक डकुमेन्टहरू ........................................................................ ५१

# रसुवा बाढीः द्रुत मूल्याङ्कन प्रतिवेदन (सारांश र सिफारिसहरू)

## Executive Summary

**परिचयः** रसुवा जिल्लाको रसुवागढी क्षेत्रबाट मिति २०८३ साल भदौ १० गते विहानदेखि सुरू भएको लेदो सहितको बाढीले रसुवा नुवाकोट धादिङ र चितवन सम्मका विभिन्न स्थानमा भौतिक तथा मानवीय क्षति गर्यो ।यस प्रतिवेदनमा रसुवा क्षेत्रमा आएको बाढीले विद्यालयहरूको भौतिक अवस्था, विद्यार्थी, र शिक्षक-कर्मचारीमा पारेको प्रभावको प्राथमिक विवरण प्रस्तुत गरिएको छ। बाढीले रसुवा जिल्लाका केही विद्यालयहरू पूर्ण रूपमा नष्ट गरेको छ भने केहीमा सामान्य मानवीय क्षति पुऱ्याएको छ। यसले शैक्षिक क्रियाकलापलाई नराम्ररी प्रभावित पारेको छ।यो प्रतिवेदन फिल्ड भिजिट र सरोकारवालासँगको प्रतिकृयाका आधारमा तयार गरिएको छ भने यसको तथ्याङ्कीय प्रतिवेदन पछि तयार हुनेछ ।

**बाढीको समग्र प्रभावः**

1. **विद्यालयहरूको अवस्थाः** रसुवा जिल्ला स्थित टिमुरे बजारको **नेपाल राष्ट्रिय आधारभूत विद्यालय** टिमुरे, **मालिका देवी आधारभूत विद्यालय** पहिरेवेशी, **चिप्लेटी आधारभूत विद्यालय** सल्लेटार, र **मोडर्न ट्रिनिटी इङ्लिस स्कुल बेत्रावती** पूर्ण रूपमा नष्ट भएका छन्। केही विद्यालयहरू जस्तै **कोमिन श्यामे वाङफेल मा.वि. र निलकण्ठ मा.वि. सुरक्षित** रहे पनि तिनीहरू हाल 'होल्डिङ सेन्टर' (राहत केन्द्र) को रूपमा सञ्चालन भइरहेका छन् भने ती विद्यालयहरूमा मानवीय क्षति भएको तथा मनोसामाजिक अवस्थामा नकरात्मक प्रभाव परेको छ।
2. **मानवीय क्षतिः** विद्यार्थी र शिक्षक/कर्मचारीको ठूलो संख्यामा बेपत्ता वा सम्पर्कविहीन (**१६ जना हराइरहेको र १ जना मृत्यू** भई दाहसंस्कार समेत भएको) भएका छन्। केही विद्यालयका प्रधानाध्यापकहरू घाइते भएका छन् भने केहीको निधन भएको दुःखद विवरण पनि प्राप्त भएको छ। **कुल २८५ जना विद्यार्थीहरू हराइरहेका, ४० जना विद्यार्थीले दुवै अभिभावक**

**गुमाएका र अभिभावक गुमाउनेको सङ्ख्या बढ्न सक्ने** देखिएको छ । सयौं विद्यार्थीहरू विस्थापित भएका छन् जसमध्ये केही रसुवा जिल्लाका विभिन्न होल्डिङ सेन्टर रहेका छन् भने नुवाकोट र काठमाडौंमा समेत संस्थागत र नातागोता पर्ने परिवारको संरक्षणमा रहेका छन् । **स्याफ्रुवेशी क्षेत्रबाट कम्तिमा २२ जना बाबु/आमा/दुवै हराइरहेका वा मृतक भएको** तथ्याङ्क प्राप्त भएको छ । यी अभिभावकहिन बालबालिकाको विशेष संरक्षण आवश्यक रहेको छ ।

3. **शैक्षिक अवरोधः** भौतिक संरचनाको अभाव र बाटोघाटो विच्छेदका कारण धेरै विद्यार्थीहरूको पठनपाठन ठप्प छ। विस्थापित विद्यार्थीहरूको व्यवस्थापन ठूलो चुनौतीको रूपमा देखिएको छ। जिल्लामा **२४ गतेपछि विद्यालय खुल्ने सूचना प्रवाह भएको** भएपनि होल्डिङ सेन्टर विद्यालयमा नै रहेमा शैक्षिक गतिविधि अवरोध हुने देखिन्छ ।

**मुख्य सिफारिसहरू**

१. **छात्रवास व्यवस्थापनः** टिमुरे र स्याफ्रुवेशी क्षेत्रमा पूर्ण रूपमा क्षतिग्रस्त विद्यालयका विद्यार्थीहरूलाई कोमिन श्यामे वाङफेल विद्यालय वा नवविजय मा.वि. जस्ता सुरक्षित र छात्रावास सुविधा भएका विद्यालयमा स्थानान्तरण गरी पठनपाठन सुचारु गर्नुपर्छ। **स्याफ्रुवेशी नजिकैको निलकण्ठ मा वि** एरियाका बालबालिकालाई त्यसै विद्यालयमा **छात्रबासको वन्दोवस्ती** गरी सुरक्षित सिकाइ अवसर दिइनु पर्दछ । यसले बालबालिकालाई अस्थायी सिकाइ केन्द्र (TLC) मा राख्नुभन्दा **स्थायी संरचनामा सिकाउन** मद्दत गर्दछ। बाबुआमा दुवै गुमाएका बालबालिकाको तत्काल खोजी गरी विद्यालयको होस्टेलमा सुरक्षित सिकाइ अवसर दिनु पर्दछ। शहरी क्षेत्रबाट अभिभावकत्व दिने भनी आउने गरेको पाइएकाले यी बालबालिकाहरू **घरेलु कामदारको** रूपमा प्रयोग हुन सक्ने खतरा रहेको देखिएको छ । **मानव तस्करी** जस्ता अमानवीय घटना नघटुन् भन्नेमा सबै पक्ष सचेत हुनु जरूरी छ ।

२. **होल्डिङ सेन्टरको वैकल्पिक व्यवस्थाः** विद्यालयहरूलाई होल्डिङ सेन्टरको रूपमा प्रयोग गर्दा बालबालिकाको सिकाइ अवरुद्ध भएको छ। अतः विद्यालय परिसरमा रहेका राहत केन्द्रहरूलाई

तत्काल अन्यत्र सार्ने र विद्यालयलाई शैक्षिक प्रयोजनका लागि मात्रै प्रयोग गर्ने व्यवस्था मिलाउनुपर्छ। यसको लागि केही खाली संरचनाहरू जस्तै नचलेका कलेज, नचलेका होस्टल आदिलाई प्रयोग गर्ने वा भाडामा भवनहरू लिएर तत्काल ब्यवस्थापन गर्न स्थानीय तहसँगको सहकार्य गर्न सकिने देखिन्छ ।

३. **शैक्षिक सामग्री र मनोसामाजिक परामर्शः** विद्यालयहरूमा पाठ्यपुस्तक, शैक्षिक सामग्री, र इसिडी (ECD) किटहरूको तत्काल आपूर्ति गर्नुपर्छ। साथै, बाढीबाट प्रभावित विद्यार्थी र शिक्षकहरूका लागि मनोसामाजिक परामर्श (Psychosocial counselling) को व्यवस्था मिलाउनु अपरिहार्य छ।

४. **समन्वय र अनुगमनः** स्थानीय तह, वडा कार्यालय र सम्बन्धित शिक्षा अधिकारीहरूसँगको समन्वयमा बेपत्ता र विस्थापित विद्यार्थीहरूको यकिन तथ्याङ्क संकलन गर्नुपर्छ। प्रधानाध्यापक वा शिक्षक नभएका विद्यालयहरूमा तत्काल प्रशासनिक व्यवस्थापन गरिनुपर्छ।

५. **क्यास ग्रान्ट (Cash Grant):** पूर्ण रूपमा नष्ट भएका विद्यालय (जस्तै मालिका देवी आधारभूत विद्यालय) र अभिभावकविहीन अवस्थामा रहेका विद्यार्थीहरूका लागि तत्काल राहत स्वरूप क्यास ग्रान्ट उपलब्ध गराउनु उपयुक्त देखिन्छ। **संस्थागत विद्यालयमा** समेत क्षति भएकाले ती विद्यालयमा अध्ययन गरिरहेका बालबालिकालाई **विशेष संरक्षण राज्यको दायित्व** हुन सक्छ ।

६. **राहत वितरणः** रसुवा जिल्लामा भएका होल्डिङ सेन्टरहरूमा मुल रूपमा बेत्रावती क्षेत्रका बाढी पिडितहरूले होल्डिङ सेन्टरमा राहत प्राप्त गरिरहेको देखियो । यद्यपी क्षतिग्रस्त बजारसँगै माथि एरियामा बस्ने वासिन्दाहरूको किनमेल र रोजगारी गर्ने स्थान दुवै पूर्ण क्षति भएकाले ती नागरिकहरूले राहत आवश्यक महशुस गरेका हुन सक्दछन् । साथै **स्याफ्रुवेशी, चिप्लेटी र टिमुरे छेउछाउ** वस्ने नागरिकका लागि राहतको अझै बढी आवश्यकता हुन सक्दछ । यसबारे नागरिक सुरक्षाका दृष्टिले विशेष पहल आवश्यक हुन्छ । होल्डिङ सेन्टर बाहिर आफ्नै घरमा रहेका बालबालिका र तीनका परिवारले दैनिक हातमुख जोड्न नपाउने अवस्था भएमा विद्यालयमा बालबालिकाको उपस्थितिमा नकरात्मक असर पर्न सक्नेतर्फ विशेष ध्यान दिनु पर्दछ ।

**निष्कर्ष:** यस विपद्को घडीमा विद्यालयको भौतिक पुनःनिर्माण भन्दा पनि विद्यार्थीको तत्काल शैक्षिक पहुँच र मनोसामाजिक सुरक्षालाई प्राथमिकता दिनुपर्ने देखिन्छ। सुरक्षित विद्यालयमा विद्यार्थीहरूलाई एकीकृत गर्दै शिक्षण सिकाइ क्रियाकलाप सुचारु गर्नु नै वर्तमानको मुख्य कार्य हो।

# रसुवा जिल्लामा विद्यालयहरूमा गरिएको स्थलगत अध्ययनको नतिजा

## परिचय

नेपालको रसुवा जिल्लाको रसुवागढी क्षेत्रबाट २०८३ भाद भदौ १० गते विहान लेदो सहित भोटेकोशी/त्रिशूली नदी तटीय क्षेत्रका वस्ती क्षेत्रमा तिब्र गतिमा आएको बाढीले हजारौंको सङ्ख्यामा मानवीय क्षति भएको अनुमान छ । सो विनाशकारी बाढी तथा पहिरोका कारण रसुवाका केही स्थानहरू बढी प्रभावित भएका छन् ।

रसुवागढी (Rasuwagadhi) सीमावर्ती क्षेत्र हो जहाँ भोटेकोशी र ल्हेन्दे खोलाको दोभानमा ठूलो बाढी/पहिरो आउँदा सीमा नाका तथा भौतिक संरचनाहरूमा व्यापक क्षति पुगेको छ। टिमुरे (Timure) मा भोटेकोशी नदी किनारको बस्ती तथा भन्सार नजिकको बजार, जहाँ कटान र बाढीले घर तथा सडक सञ्जालमा ठूलो क्षति पुऱ्याएको छ। स्याफ्रुबेंसी पर्यटकीय तथा व्यापारिक केन्द्र हो जहाँ नदीको बहाव र गेग्रानका कारण ठूलो असर परेको छ। धुन्चे (Dhunche) जिल्ला सदरमुकाम तथा आसपासका पहिरोग्रस्त क्षेत्रहरू रहेका छन् भने बेत्रावती (Betrawati) त्रिशूली नदीको तल्लो तटीय बजार, जहाँ माथिबाट आएको बाढी र लेदोले तटीय क्षेत्र तथा संरचनामा क्षति पुऱ्याएको छ। यसरी रसुवा जिल्लाका समग्र प्रभावित जिल्ला क्षेत्र गोसाइँकुण्ड, उत्तरगया, कालिका र आमाछोदिङमो गाउँपालिकाहरू विपद् संकटग्रस्त क्षेत्र घोषित भएका छन् । यी क्षेत्रका विद्यालय क्षेत्रमा पारेको क्षतिको द्रुत लेखाजोखा स्थलगत अवलोकन र छलफलका आधारमा तयार पारिएको फिल्ड प्रतिवेदन हो भने तथ्याङ्क सङ्कलन कोबो टुल (KOBO Tools)बाट गरिएको छ जुन विश्लेषण पश्चात मात्र प्रतिवेदन तयार हुनेछ ।

टिमुरे र सल्लेटार, सिम्ले क्षेत्रमा पुग्नका लागि हेलिकप्टर प्रयोग गर्नुपर्ने अवस्था भएकाले स्थालगत भिजिट हुन सकेन । स्याफ्रुवेशी क्षेत्रमा केही दुरीबाट स्थलगत अध्ययन गरिएको थियो ।

## लेखाजोखाको उद्देश्य

- क्षतिग्रस्त विद्यालयहरूको पहिचान गरी शिक्षा सम्बद्ध तथ्याङ्क सङ्कलन र अवस्था विश्लेषण
- तत्काल शिक्षण सिकाइ सञ्चालन गर्न चाल्नुपर्ने कदम पहिचान गर्ने
- विद्यार्थीको शिक्षा पाउने अधिकारको संरक्षणका लागि आवश्यक कार्य पहिचान गरी सुझाव प्रदान गर्ने

## प्रतिवेदनको परिसिमा

यो प्रतिवेदन स्थलगत अवलोकन, शिक्षा विकास तथा समन्वय एकाइ रसुवा, विद्यालयका शिक्षक तथा प्रधानाध्यापक, जनप्रतिनिधिहरूसँग भएको प्रत्यक्ष कुराकानी, उपलब्ध तथ्याङ्क तथा अन्य जनसम्पर्कका आधारमा प्राप्त तथ्याङ्कमा आधारित छ । यसमा प्रस्तुत भएका तथ्याङ्कमा दैनिक रूपमा थपघट भै रहने अवस्था देखिएको छ किनभने विद्यालयहरू बाढी आएको दिनदेखि बन्द रहेका छन् भने अभिभावक र विद्यार्थी केहीमात्र सम्पर्कमा आएका छन् । विद्यालय नखुल्दासम्म पूर्ण तथ्याङ्क प्राप्त हुन सक्दैन । साथै टिमुरे, स्याफ्रुसवेसी र चिप्लेटी क्षेत्रको आवागमनको पहुँच सिमितताका कारण स्थलगत अध्ययन हुन सकेको छैन ।

# रसुवा जिल्लामा प्रभावितहरूको विवरण

नेपाल सरकार
गृह मन्त्रालय
**जिल्ला प्रशासन कार्यालय**
रसुवा

फोन नं. ०१०-५४०१३१/१३३
०१०-५४०१३२ (प्र.जि.अ.)
ईमेल: rasuwadao@gmail.com
वेवसाईट: daorasuwa.moha.gov.np
Google Map: 476W+J6F
बागमती प्रदेश, नेपाल

प.सं.: २०८३/८४
च.नं.: ३४९

प्रेस-नोट

प्रेस नोट नं. ६
प्रकाशन मितिः २०८३।०५।२२

मिति २०८३।०५।१० गते नेपाल-चीन सीमा भई बग्ने ल्हेन्दे खोला हुँदै रसुवा जिल्ला प्रवेश गर्ने भोटेकोशी नदीमा आएको बाढीका कारण भएको भौतिक एवम् मानवीय क्षति, उद्धार लगायतका मिति २०८३।०५।२२ गते (साँझ ६:३० सम्मको) को विपद् प्रतिकार्यको प्रारम्भिक विवरण देहाय बमोजिम रहेको बेहोरा अनुरोध छ।

देहायः

क. बाढीबाट प्रभावित रसुवा जिल्लाका क्षेत्रहरूः

| क्र.सं. | गाउँपालिका | वडा नं. | गाउँ/क्षेत्र |
|---|---|---|---|
| १. | गोसाईकुण्ड गाउँपालिका | २ | रसुवागढी, घट्टेखोला, टिमुरे, तातोपानी |
| | | ३ | लिडलिङ, मेदाङपुदुङ, रुँगा |
| | | ५ | स्याफ्रुवेशी, सानो भार्खु |
| २. | आमाछोदिङमो गाउँपालिका | १ | हाकुवेशी |
| ३. | कालिका गाउँपालिका | १ | गुम्चेत |
| ४. | उत्तरगया गाउँपालिका | १ | मैलुङ, सल्लेटार, सिम्लेपुछार |
| | | ५ | उपल्लो पहिरे, तल्लो पहिरे, खाल्टे, नौबिसे, कैदलेटार, बेत्रावती |

ख. उद्धार गरिएको विवरणः

| क्र. सं. | २०८३ भाद्र २१ गतेसम्म उद्धार गरिएको सङ्ख्या | | | २०८३ भाद्र २२ गते उद्धार गरिएको सङ्ख्या | | | कूल जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | नेपाली नागरिक | विदेशी पर्यटक | जम्मा | नेपाली नागरिक | विदेशी पर्यटक | जम्मा | नेपाली नागरिक | विदेशी पर्यटक | जम्मा |
| १. | १२७० | ८६ | १३५६ | २० | ४ | २४ | १२९० | ९० | १३८० |

ग. बाढी पश्चात् सम्पर्क बिहीन/बेपत्ताहरूको विवरण

| क्र.सं. | सम्पर्क विहीन भएका कार्यालय/निकाय लगायत | सङ्ख्या | कैफियत |
|---|---|---|---|
| १. | नेपाली सेना (श्रीनाथ गण, ब्राबल ब्यारेक अन्तर्गत) | २७ | विवरण जिल्ला प्रशासन कार्यालय, रसुवाको वेबसाईट र फेसबुक पेजमा उपलब्ध छ। |
| २. | नेपाल प्रहरी | २८ | |
| ३. | सशस्त्र प्रहरी | १३ | |
| ४. | सरकारी कर्मचारी | ७३ | |
| ५. | बैङ्क तथा वित्तीय संस्थाका कर्मचारी | २६ | |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रसुवा
फोन नं. ०१०-५४०१३१/१३३
०१०-५४०१३२ (प्र.जि.अ.)
ईमेल: rasuwadao@gmail.com
वेवसाईट: daorasuwa.moha.gov.np
Google Map: 476W+J6F
बागमती प्रदेश, नेपाल

| क.सं. | सम्पर्क विहीन भएका कार्यालय/निकाय लगायत | सङ्ख्या | कैफियत |
|---|---|---|---|
| ६. | रसुवा जिल्लाका नागरिक | १३९३ | |
| ७. | अन्य जिल्लाका नागरिक | १२८६ | |
| ८. | विदेशी पर्यटक | २६८ | |
| | जम्मा | ३११४ | |

**घ. हेलिकप्टर मार्फत जिल्ला बाहिर पठाइएकाको विवरण:**

मिति २०८३।०५।१० गतेदेखि २२ गतेसम्म हेलिकप्टरबाट उद्धार गरिएको बाढी पीडित एवम् गोसाईकुण्ड तीर्थयात्रा आई अलपत्र परेका १५१५ जनालाई नुवाकोट तथा काठमाडौंसम्म हेलिमार्फत पठाइएको। (विवरण जिल्ला प्रशासन कार्यालय, रसुवाको वेबसाईट र फेसबुक पेजमा उपलब्ध छ।)

**ङ. प्रारम्भिक भौतिक क्षतिको विवरण:**

तथ्याङ्क सम्बन्धित स्थानीय तह, सम्बन्धित निकायहरूबाट यकिन डाटा प्राप्त भए पश्चात् पुनः अद्यावधिक गर्ने गरी प्रारम्भिक रुपमा तयार गरिएको।

| क्र.सं. | क्षति भएका निकाय | सङ्ख्या | कैफियत |
|---|---|---|---|
| १. | सरकारी तथा सार्वजनिक निकाय | २८ | |
| २. | सामुदायिक विद्यालय | ३ | ▪नेपाल राष्ट्रिय आधारभूत विद्यालय, टिमुरे,<br>▪चिप्लेटी आधारभूत विद्यालय, सल्लेटार,<br>▪मालिका देवी विद्यालय, पहिरेवेशी, |
| ३. | निजी/संस्थागत विद्यालय | ३ | ▪मोडर्न ट्रिनिटी बोर्डिङ स्कूल, बेत्रावती, |
| ४. | बैङ्क तथा वित्तीय संस्था | १४ | |
| ५. | पेट्रोल पम्प | १ | बेत्रावती आयल स्टोर्स, नौबिसे रसुवा |
| ६. | निजी घर | १५०० | ने.वि.प्रा.को विद्युत मिटर वितरणको आधारमा अनुमानित प्रारम्भिक विवरण। |
| ७. | जलविद्युत आयोजना | ८ | ▪रसुवागढी जलविद्युत आयोजना (१११ मे.वा)<br>▪लाङटाङ भोटेकोशी जलविद्युत आयोजना (१२० मे.वा)<br>▪चिलिमे जलविद्युत कम्पनी लि., (२२ मे. वा)<br>▪लाङटाङ ज्रलविद्युत आयोजना (२० मे.वा)<br>▪माथिल्लो त्रिशुली १ जलविद्युत आयोजना (२१६मे.वा)<br>▪मैलुङ जलविद्युत आयोजना (५मे.वा)<br>▪माथिल्लो मैलुङ ए जलविद्युत आयोजना (६.४ मे.वा)<br>▪त्रिशुली ३ए जलविद्युत आयोजना (६० मे.वा) |
| ८. | राजमार्ग/सडक | ४१ कि.मि. | |
| ९. | पक्की मोटरेबल पुल | ६ वटा | |
| १०. | ट्रस/बेली ब्रिज पुल | ८ वटा | |
| ११. | आर्ज पुल | १ वटा | |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रसुवा

फोन नं. ०१०-५४०१३१/१३३
०१०-५४०१३२ (प्र.जि.अ.)
ईमेल: rasuwadao@gmail.com
वेवसाईट: daorasuwa.moha.gov.np
Google Map: 476W+J6F
बागमती प्रदेश, नेपाल

| क्र.सं. | क्षति भएका निकाय | सङ्ख्या | कैफियत |
|---|---|---|---|
| १२. | झोलुङ्गे पुल | १० वटा | |

च. शव सङ्कलन विवरणः

अ. सनाखत भएको विवरणः

| क्र. सं. | जिल्ला | नाम,थर | वतन | लिङ्ग | उमेर | सनाखत गर्ने व्यक्ति | सनाखत मिति | शव बुझेको मिति |
|---|---|---|---|---|---|---|---|---|
| १. | रसुवा | जनक आचार्य | उत्तरगया ५ | पु. | ३४ | मोधनाथ आचार्य | ५।११ | ५।१३ |
| २. | रसुवा | छिरिङ ग्याल्मो तामाङ | गोसाईकुण्ड ६ | म. | ४३ | तेम्वा ग्याल्वो घले | ५।११ | ५।१३ |
| ३. | रसुवा | गंगा देवी श्रेष्ठ | उत्तरगया ५ | म. | ६५ | विकाश श्रेष्ठ | ५।१३ | ५।१३ |
| ४. | रसुवा | पुदुली तामाङ | उत्तरगया ५ | म. | ८६ | राजकुमार तामाङ | ५।१३ | ५।१३ |
| ५. | रसुवा | आशवीर तामाङ | उत्तरगया ५ | पु. | ५९ | सोम बहादुर तामाङ | ५।१५ | ५।१५ |
| ६. | रसुवा | आशिष बाँनिया | उत्तरगया ५ | पु. | ३२ | दिपेन्द्र बाँनिया | ५।१६ | ५।१६ |

आ. सनाखत हुन बाँकी विवरणः

| क्र. सं. | शव फेला परेको स्थान | शव सङ्ख्या | सनाखत भएको | सनाखत बाँकी | मुचुल्का मात्र | मुचुल्का र DNA भएको | अन्यत्र पठाइएको | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | काठमाडौं | नुवाकोट |
| १. | उत्तरगया गा.पा. ५ बेत्रावती | १२ | ५ | ७ | १२ | ० | ० | ७ |
| २. | गोसाइकुण्ड गा.पा. वडा नं.५ स्याफ्रुवेशी | २४ | ० | २४ | १ | २० | ४ | २० |
| ३. | गोसाइकुण्ड गा.पा. वडा नं.२ टिमुरे र घट्टेखोला | १२३ | १ | १२२ | ९ | ११७ | ० | १२२ |
| ४. | आमाछोदिङमो गा.पा. वडा नं. १ हाकुवेशी | ३ | ० | ३ | ३ | ० | ० | ३ |
| ५. | उत्तरगया गाउँपालिका वडा नं. १ सल्लेटार | ७ | ० | ७ | ६ | १ | ० | ७ |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रसुवा
फोन नं. ०१०-५४०१३१/१३३
०१०-५४०१३२ (प्र.जि.अ.)
ईमेल: rasuwadao@gmail.com
वेवसाईट: daorasuwa.moha.gov.np
Google Map: 476W+J6F
बागमती प्रदेश, नेपाल

| क्र. सं. | शव फेला परेको स्थान | शव सङ्ख्या | सनाखत भएको | सनाखत बाँकी | मुचुल्का मात्र | मुचुल्का र DNA भएको | अन्यत्र पठाइएको | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | काठमाडौं | नुवाकोट |
| | जम्मा | १६९ | ६ | १६३ | ३१ | १३८ | ४ | १५९ |

छ. आश्रयस्थलको विवरणः

| क्र. सं. | आश्रयस्थल रहेको स्थान | आश्रित सङ्ख्या (२०८३।०५।२२ गतेको) | | | |
|---|---|---|---|---|---|
| | | महिला | पुरूष | ज्येष्ठ नागरिक एवम् बालबालिका | जम्मा |
| १. | कोमिन श्यामे वाङफेल मा.वि. स्याफ्रुवेशी | ४९ | ५४ | (६) | १०३ |
| २. | लिङलिङ कानिङ छोलिङ्ग गुम्बा, बृद्धिम | १७ | १४ | (३) | ३१ |
| ३. | गणेश आधारभूत विद्यालय, उत्तरगया १ | २३ | १३ | (४) | ३६ |
| ४. | सिम्ले आधारभूत विद्यालय, उत्तरगया २ | ३० | २९ | (७) | ५९ |
| ५. | शिवालय आधारभूत विद्यालय, उत्तरगया ५ | २३ | २४ | (५) | ४७ |
| ६. | निलकण्ठ मा.वि. उत्तरगया गा.पा. ५ बोगटीटार | १५ | १५ | (४) | ३० |
| ७. | भिमसेन प्राथमिक विद्यालय, उत्तरगया ५ | २८ | २५ | (११) | ५३ |
| ८. | येल्लो गुम्बा, स्वयम्भु, काठमाडौं | ५५ | ५३ | ५२ | १६० |
| ९. | मुस्ताङ गुम्बा, काठमाडौं | ६४ | ५८ | ३७ | १५९ |
| १०. | नेपाल बुद्ध धर्म सेवा सङ्घको भवन, स्वयम्भु, काठमाडौं | २३ | ९ | २३ | ५५ |
| | जम्मा | ३२७ | २९४ | १५२ | ७३३ |

ज. राहत वितरणको विवरणः राहत वितरणको विवरण कार्यालयको बेवसाईट https://daorasuwa.moha.gov.np/ मा उपलब्ध छ।

झ. जिल्लाको ८५% जनसङ्ख्यामा विद्युत सेवाको पहुँच र सम्पूर्ण क्षेत्रमा नेपाल टेलिकमको सेवा सुचारू गरिएको।

**मितिः २०८३।०५।२२ गते सोमबार**
**ने.सं. ११४६ गुँलागाः एकादशी।**

(द्रुव प्रसाद अधिकारी)
सहायक प्रमुख जिल्ला अधिकारी
एवम् सूचना अधिकारी

प्रेस-नोटः https://daorasuwa.moha.gov.np/ र https://www.facebook.com/daorasuwa मा समेत उपलब्ध छ।

# क्षति र अवस्था विवरण

## (क) श्री नेपाल राष्ट्रिय आधारभूत विद्यालय, टिमुरे, गोसाईंकुण्ड गाउँपालिका वडा न २

१. प्रधानाध्यापकः

- नामः फूर्वु दोर्जे घले, Contact: ९८६३६५२६००
- अवस्थाः घाइते

२. विद्यार्थिः

- इमिसमा १०९ भएपनि वास्तविक विद्यार्थी ३५ जना रहेको ।
- वेपत्ताः २५ जना जसमा १० छात्रा र १५ छात्र
- विस्थापित १० जना (अवस्था अज्ञातः आफन्त वा अन्यसँग हुन सक्ने)

३. शिक्षक र कर्मचारीः

- कुल ११ जना
- हराएका ६ जना जसमा ३ पुरुष र ३ महिला

४. विद्यालयको अवस्थाः

- पूर्ण रूपमा नष्ट
- मुख्य राजमार्गसँग जोड्ने मार्ग विच्छेद रहेको ।

५. नजिकको सामुदायिक विद्यालयः नेपाल राष्ट्रिय आधारभूत विद्यालय थुमन हो । ( विद्यार्थीका लागि पैदल दुरी धेरै हुन सक्छ ।)

**६. तत्कालका लागि सिफारिसः**

- **यस स्थानमा घरहरू करिव सबै बाढीले वगाएकोले तत्काललाई विद्यालय रहेको स्थान नै वगरमा परिणत भएकाल TLC वनाउन जरूरी देखिएन । अर्कोतिर विस्थापित**

१० जनालाई विद्यालय शिक्षण गर्ने शिक्षकहरू पनि ६ जना अज्ञात छन् र पढ्ने विद्यार्थीको त्यहाँ रहने मानसिक अवस्था नहुन सक्ने देखिएकोले तत्काललाई **Hostel** मा राख्नु राम्रो देखिएको छ ।

- कोमिन श्यामे वाङफेल विद्यालयमा राम्रो छात्रवास छ । यो विद्यालय स्याफ्रुवेसीबाट नजिकको सम्भावित विद्यालय रहेकोले विस्थापित विद्यार्थीहरूलाई छात्रवासमा राख्न पहिलो विकल्पका रूपमा लिन सकिन्छ । यसको लागि स्थानीय तहसँग समन्वय भएमा सहजै व्यवस्थापन हुन सक्छ ।

### (ख) श्री कोमिन स्यामे वाङफेल माध्यमिक विद्यालय, स्याफ्रुवेसी, गोसाईंकुण्ड गाउँपालिका ।

१. प्रधानाध्यापकः

- नामः किशोर कुमार फुर्कोटी, Contact: ९८४१०५३३२३
- अवस्थाः काठमाडौंमा नै रहेको ।

२. विद्यार्थिः

- इमिसमा १२६ भएपनि वास्तविक विद्यार्थी ६९ जना रहेको ।
- वेपत्ताः ५ जना सम्पर्क विहिन रहेको जसमा १ छात्रा र ४ छात्र । सम्पर्क विहिन भनिएकोले यो बाढीमा परेको भन्ने पुष्टी गर्नु हुँदैन । यो तथ्याङ्क परिवर्तन हुन सक्ने ।
- विस्थापित १० जना (अवस्था अज्ञातः आफन्त वा अन्यसँग हुन सक्ने) ।

***नोटः विस्थापित १० जना भनिएको तथ्याङ्क शिक्षाविकास तथा समन्वय एकाइबाट प्राप्त भएको हो । तर २२ जना बालबालिका यस विद्यालयबाट काठमाडौंमा आएको पाइएको छ ।***

३. शिक्षक र कर्मचारीः

- कुल २२ जना जसमा माशि ५, निमाशि ४, प्राशि ७, वालविकास २, लेखा १ र कास १
- हराएका १ महिला शिक्षक जसको घर र व्यापार स्याफ्रुवेसीमा थियो । सम्पर्कमा नआएको ।

४. विद्यालयको अवस्थाः

- भौतिक क्षति भएको छैन

- हिमाली छात्रावास र शिक्षकबास समेत भएको र २००० सम्म विद्यार्थी रहन सक्ने सम्भावना रहेको विद्यालय र छात्रवासमा १०० जनासम्म राख्न सकिने ।
- मनोसामाजिक परामर्शः आमा छोदिङ्मो गा पा का स्वस्थ्य सेवाका कर्मचारीबाट भै रहेको।
- होल्डीङ सेन्टरका रूपमा संचालनमा रहेको छ । राहत आवश्यक हुन सक्छ किनकी मुल राजमार्गबाट विच्छेद रहेको स्थान हो ।

५. अन्यः

- स्थानीय तहः वडाध्यक्ष दावा मिङ्मार वेपत्ता रहेको ।

**६. तत्कालका लागि सिफारिसः**

- **यस विद्यालयलाई टिमुरे र स्याफ्रुवेसी वा अन्य नजिकका सामुदायिक र संस्थागत विद्यालयबाट समेत विस्थापित विद्यार्थी पाइएमा राख्न सकिने ।**

## (ग) श्री गोसाइकुण्ड ईङ्लिस विद्यालय, स्याफ्रुवेसी, गोसाईंकुण्ड गाउँपालिका वडा न ५

१. प्रधानाध्यापकः

- नामः राजु लामा, Contact: ९८४१९०३६४६
- अवस्थाः सकुशल

२. विद्यार्थिः २०५ जना मध्ये वेपत्ता वा सम्पर्क विहिनः १९ जना ।

३. शिक्षक र कर्मचारीः सकुशल

४. विद्यालयको अवस्थाः पूर्ण रूपमा सञ्चालन हुन सक्ने ।

**५. तत्कालका लागि सिफारिसः विद्यालय सुचारू गर्न सकिने ।**

## (घ) Shree Highland English School, धुन्चे, गोसाईंकुण्ड गाउँपालिका वडा न ६

१. प्रधानाध्यापकः

- नामः नेवेश श्रेष्ठ, Contact: ९८५११६८२४७
- अवस्थाः सकुशल

२. विद्यार्थिः

- कुल विद्यार्थी ४८७ जना रजिस्टर रहेको भन्ने प्र अ को भनाई।
- वेपत्ताः स्याफ्रुवेसी घुम्न गएका ६ जना विद्यार्थी हराएको ।
- विस्थापितः ०

३. शिक्षक र कर्मचारीः

- केही भएको छैन ।

४. विद्यालयको अवस्थाः

- पूर्ण रूपमा राम्रो
- राम्रो अवस्थामा रहेको

**६. तत्कालका लागि सिफारिसः**

- **यस विद्यालय सञ्चलनमा कुनै समस्या नभएकोले हाल केही थप सहयोग आवश्यक नरहेको ।**

## (ङ) श्री मालिका देवी आधारभुत विद्यालय उत्तरगया वडा न ४ पहिरेवेशी

१. प्रधानाध्यापकः

- नामः पूर्ण बहादुर घले, Contact: ९८६१५८३१२६
- अवस्थाः घाइते

२. विद्यार्थिः

- १८ जना जम्मा विद्यार्थी
- वेपत्ताः ११ जना
- विस्थापित ७ जना

३. शिक्षक र कर्मचारीः

- कुल ५ जना
- सबै सकुशल

४. विद्यालयको अवस्थाः

- पूर्ण रूपमा नष्ट
- मुख्य राजमार्गसँग जोड्ने मार्ग विच्छेद रहेको ।

५. नजिकको सामुदायिक विद्यालयः

- भुवनेश्वरी आधारभूत विद्यालय
- नववीजय मावि भलायडाँडा उत्तरगया - ४, जुन २५ मिनेट जति पैदल दूरीमा रहेको छ। यो विद्यालयमा पनि छात्रवास भएकोले थप विद्यार्थी रहन सक्ने देखिन्छ।

६. तत्कालका लागि सिफारिसः

- बाँकी रहेका ७ जना बालबालिकालाई नववीजय मा वि मा छात्रवासमा राखी शिक्षण सिकाइ तत्काल गराउन सकिने । बालबालिका कहाँ छन् लोकेट गरी व्यवस्थापन हुने । यसमा स्थानीय तहले कार्य तत्काल सुरू गर्नु पर्ने ।
- नववीजय मा वि को विकल्पमा निलकण्ठ मावि मा छात्रवास सुरू गरेर सोही स्थानमा राख्न पनि सकिने ।

## (च) श्री चिप्लेटी आधारभूत विद्यालय सल्लेटार।

१. प्रधानाध्यापकः

- नामः सविता तामाङ, Contact: ९८४१८८९२९५
- अवस्थाः सकुशल

२. विद्यार्थिः

- ७ जना विद्यार्थी रहेको
- वेपत्ताः १ जना
- विस्थापित ६ जना

३. शिक्षक र कर्मचारीः

- कुल ५ जना
- हराएका छैनन् ।

४. विद्यालयको अवस्थाः

- पूर्ण रूपमा नष्ट

५. नजिकको सामुदायिक विद्यालयः डाँडागाउँ मा वि (३० मिनेट पैदल दुरीमा रहेको)

**६. तत्कालका लागि सिफारिसः**

- **यो विद्यालय मर्ज गर्न ठीक पारेको विद्यालय हो । यस विद्यालयका बालबालिकालाई नजिकको डाँडागाउँ मा वि मा राखेर शिक्षण सिकाइ सुरू गराउन सकिने ।**
- **गाउँपालिकाका अध्यक्ष माधव अर्याल सम्पर्क ९८५१०५९५५० सँग सम्पर्क गरेर व्यवस्थापन सुरूवात हुन सक्ने ।**

## (छ) श्री नव विजयी महेन्द्र मा वि उत्तरगया ४



१. प्रधानाध्यापकः

- नामः रमेश लामिछाने, Contact:
- अवस्थाः हराइरहेको

२. विद्यार्थिः

- १३९ जना
- वेपत्ताः ०
- विस्थापितः ०

३. शिक्षक र कर्मचारीः

- कुल १९ जना
- वेपत्ता २ जना । एकजना प्रधानाध्यापक र प्रा शि संजिव तामाङ

४. विद्यालयको अवस्थाः

- पूर्ण रूपमा ठीक

५. नजिकको सामुदायिक विद्यालयः आवश्यक नभएको

**६. तत्कालका लागि सिफारिसः**

- **यस विद्यालयलाई सञ्चालन गर्न तत्काल थप केही गर्नु नपर्ने भएपनि प्रधानाध्यापक र एकजना शिक्षक हराइरहेकोले केही सहयोग वा कार्य स्थानीय तहबाट तत्काल हुन सक्ने कार्य गरी विद्यालय सुचारू गर्नु पर्दछ।** *(सम्पर्कः शिक्षा अधिकृत बोधराज पाठकः ९८४९३३०३६३ र माध्यमिक शिक्षक नारायण कुमार श्रेष्ठ ९८४९२५४९७६ )*

## (ज) Shree Modern Trinity English School, उत्तरगया गाउँपालिका वडा नं ५ बेत्रावती ।

१. प्रधानाध्यापकः

- नामः सुरज डंगोल, Contact:
- अवस्थाः मृत्यू भइ दाहसंस्कार भएको ।

२. विद्यार्थिः

- १६९ जना रहेको भन्ने विवरण प्राप्त
- वेपत्ताः विवरण प्राप्त नभएको ।
- विस्थापितः सबै १६९ विद्यार्थी

३. शिक्षक र कर्मचारीः

- शिक्षक सङ्ख्या स्पष्ट नभएको
- हराएकाः शिक्षक सुस्मा तामाङ संपर्क विहिन र मृत्यू भएका प्र अ १ जना

४. विद्यालयको अवस्थाः

- पूर्ण रूपमा नष्ट
- विद्यालयको भवन गाउँपालिकाको भवनसँगै रहेको तर दुवै पूर्ण नष्ट भएकाले कुनै भग्नावशेष नपाइएको

५. नजिकको सामुदायिक विद्यालयः निलकण्ड मा वि (थोरै walking distance मा)

**६. तत्कालका लागि सिफारिसः**

- **विद्यार्थीको अवस्था पहिचान गरी तत्काल केही गर्नुपर्ने भएमा गाउँपालिका मार्फत सहयोग गर्न सकिने । प्रधानाध्यापक नै मृत्यू भएकाले सो विद्यालय पुन सुरक्षित स्थानमा स्थापना हुन्छ हुँदैन केही जानकारी पाउन नसिकिएको । गाउँ नै शोकमा रहेकोले यसबारे तत्काल जानकारी लिन कठिन भएको छ ।**

- **स्थानीय तहमार्फत तत्काल खोजविन गर्न जरूरी । सम्पर्कः शिक्षा अधिकृत बोधराज पाठकः ९८४९३३०३६३**

### (झ) श्री भिमसेन आधारभूत विद्यालय गोसाइकुन्ड गाउँपालिका

विद्यालयमा कुनै क्षति नभएको तर १ जना विद्यार्थी सम्पर्क विहिन/मिसिङ रहेको । सो विद्यालय बन्द रहेको र भौतिक क्षति नभएकोले विद्यालयमा पुगेपनि कुनै जानकारी नलिइएको । यो विद्यालय स्याप्रुवेशी देखि २ किलोमिटर जति नजिक रहेको छ । हाइवेको छेवैमा रहेको विद्यालय हो । सानो गाउँ र थोरै घरधुरी रहेको देखिन्छ ।

## (ञ) निलकण्ठ मा वि बोगटीटार । उत्तरगया गाउँपालिका वडा नं ५

१. प्रधानाध्यापकः

- नामः माधव लामिछाने, Contactः ९८४१५७८९९३
- अवस्थाः सामान्य

२. विद्यार्थिः

- इमिसमा ५५० भएपनि वास्तविक विद्यार्थी ५०८ जना भर्ना भएका वास्तविक सङ्ख्या रहेको ।
- वेपत्ताः २०० जना अनुमानित
- विस्थापितः ०
- विद्यार्थी कतिको मृत्यू भयो र कति हराए भन्ने अझै एकिन तथ्याङ्क छैन ।

३. शिक्षक र कर्मचारीः

- कुल ३८ जना
- हराएका ४ जना

४. विद्यालयको अवस्थाः

- पूर्ण रूपमा सुरक्षीत र पूर्वाधार युक्त विद्यालय
- मुख्य राजमार्गसँग जोडिएको
- Hostel Building छ तर सञ्चालनमा छैन । २०० जनाजतिको क्षमता रहेको छ ।

५. नजिकको सामुदायिक विद्यालयः आवश्यक नरहेको ।

**६. होल्डिङ सेन्टरः** यस विद्यालयमा सबै भन्दा धेरै मानिस राखिएको छ । सुरूको २ दिनसम्म कुनै राहत प्राप्त भएन । पहिलो दिन १० गते ४६० जनाले खाना खाएका थिए भने दोस्रो दिन ५२० जनाले खाना खाएका थिए । हाल घट्ने क्रम बढीरहेको छ । यस विद्यालयका विद्यार्थीहरू ३५

जनाजति नुवाकोट दरवार होल्डीङ सेन्टरमा रहेको र ६० जनाजति **शिवालय तामाङप्लाजा**मा छन् । ३२ जना विद्यार्थी हाल विद्यालयमा नै बास बसेका छन् । भिमसेन आधारभूत विद्यालय होल्डिङ सेन्टरमा पनि २५ जना लगभग रहेको हुन सक्छ। (स्रोतः प्रधानाध्यापक)

**७. विद्यालयको थप विवरणः** प्रधानाध्यापकका अनुसारः

- २९६ घरधुरी भएको स्थानमा रहेको यो विद्यालयमा कुल ८० परिवार पनि हाल यहाँ पाइएका छैनन् । कहाँ गए कि हराए एकिन हुन सकेको छैन । धेरै जसो वगाएको हुन सक्ने देखिएको । २४ गतेबाट विद्यालय पुन सञ्चालन गर्ने योजना रहेको भएपनि पैरेवेशीका २०/२५ जना विद्यार्थी, केराघारी क्षेत्रका १५ जना विद्यार्थी गरी कुल ४० जना विद्यार्थी विद्यालयमा आउन नसक्ने अवस्था छ । Hostel भएमा उनीहरू सिकाइ सुचारु गर्न सक्छन् । अस्थाइ पुल निर्माण भएपनि यो समस्या नहोला तर बाटो भत्किएकाले तत्काल आउन सक्ने अवस्था भने छैन ।
- Hostel संचालनका लागि निम्न कुराको जुगाड : ७५ जना विद्यार्थीका लागि सुत्ने खाट (दुइतल्ले) को व्यवस्था दाताहरूबाट गर्न लागिएको छ ।
- मनोसामाजिक परामर्शको आवश्यकता रहेको छ । इजरायली दुतावासबाट यसमा सहयोग हुने भनिएको छ । (Psychosocial counselling यो प्रतिवेदन तयार गर्दासम्म सम्म सुरू भएको हुन सक्छ ।)
- पाठ्यपुस्तक र सामग्री वगाएका छन् । त्यसैले विद्यार्थीलाई सामग्री आवश्यक छ ।

**६. तत्कालका लागि सिफारिसः**

  - बाक्लो वस्ती भएको र नजिकको Modern trinity विद्यालय पूर्ण रूपमा नष्ट भएको छ । विद्यालयमा विद्यार्थी आउने दुई पुल बगेको हुनाले आवागमनमा समस्या छ ।

ती दुई तर्फका विद्यार्थी र अन्य विद्यालयका समेत विद्यार्थी ल्याएर राख्न सकिने गरी छात्रवासको ब्यवस्था हुनु पर्ने प्रधानाध्यापकको जोडजार माग रहेको र छात्रवास सञ्चालन गर्ने प्रतिवद्धता देखिएको छ । छात्रवास नभए विद्यालयमा विद्यार्थी निकै कम हुन सक्ने तर यो विद्यालय जिल्लाकै उत्कृष्ट विद्यालय रहेको छ । भौतिक पूर्वाधार पनि राम्रो छ । तर छात्रवासको सुविधा सञ्चालनमा छैन । प्र अ का अनुसार स्वस्थ्य कार्यालयले समेत नजिकैको एउटा भवन छात्रवासका लागि प्रदान गर्न सक्ने र भै रहेकै भवनमा छात्रवासको व्यवस्थापन गर्न सकिने देखिन्छ ।

- खोला पारिका बालबालिकालाई TLC मा राखेर पढाउन वा निलकण्ठमा ल्याउने भन्ने विषय महत्वपूर्ण हो । छात्रवासको ब्यवस्था भएमा TLC चाहिएन र दिगो व्यवस्थापन हुने भयो । यदि छात्रवास यहाँ सञ्चालन भएन भनी कल्पना गर्ने हो भने पनि खोला पारिका विद्यार्थी उतैको नजिकको विद्यालयमा जान समेत सम्भव छ । अस्थाइ टहरामा शिक्षण सिकाइ गराउनु भन्दा स्थायी विद्यालयमा पूर्ण पूर्वाधार भएकै विद्यालयमा शिक्षण सिकाइ गराउनु उपयुक्त हुने देखिन्छ ।
- विद्यार्थीका शैक्षिक सामग्री नभएको हुनाले ६५ जना बालविकासका बच्चाका लागि २ सेट इसिडी किट, शिक्षकहरूका लागि शिक्षक किट र अनुमानित ४५० विद्यार्थी जम्मा गर्न सकेमा त्यत्तीकै सङ्ख्यामा (student kits/textbooks) सामग्री उपलब्ध गराउनु पर्ने । ४५० भनिए पनि तत्काल यो संख्या पुग्न कठिन देखिन्छ । त्यसैले ३०० जति विद्यार्थीको व्यवस्थापनमा तयारी तत्काल हुनु पर्ने देखियो ।

## (ट) श्री शिवालय आधारभूत विद्यालय उत्तरगया ५ होल्डिङ सेन्टर

१. प्रधानाध्यापकः

- नामः भरत पौडेल, Contact: ९८४५३७३९७१
- अवस्थाः सकुशल

२. विद्यार्थिः

- ४७ जना जसमा २३ केटी र २४ केटा ।
- वेपत्ताः ०
- विस्थापितः ० (घरमै रहेका छन् ।)

३. शिक्षक र कर्मचारीः

- कुल ९ जना
- हराएकाः ०

४. विद्यालयको अवस्थाः

- पूर्ण रूपमा सञ्चालन हुन सक्ने । कुनै क्षति नभएको ।

५. होल्डिङ सेन्टरः

- ४७ जना जसमा २३ महिला र २४ पुरूष । यस विद्यालयमा बन्द भएका होल्डिङ सेन्टर (कालिका हिमालय मा वि होल्डिङ सेन्टर) बाट केही नागरिक समेत आएका । खानेपानी सुद्ध नभएको जानकारी प्रधानाध्यापकबाट प्राप्त ।

**६. तत्कालका लागि सिफारिसः**

- **शैक्षिक सामग्री माग भएको । वडाध्यक्ष यमनाथ आचार्य ९८५१२२०८२८ सम्पर्क गरी आवश्यक राहत उपलब्ध गराउनु पर्ने भएमा सो गर्ने ।**

## (ठ) श्री कालिका हिमालय मा वि कालिकास्थान । कालिकास्थान गाउँ पालिका

